# बुढेसकालमा गोठमा बास, छैन खाने गाँस

म्याग्दी, चैत १० (नागरिक)- म्याग्दीको बेनी नगरपालिका २ बगरफाँटका ९६ वर्षीय खड्गबहादुर थापा र पतनी खिरकुमारी थापा गोठमा बस्न बाध्य छन्। एक गाँस खानका लागि अरू कसैको आस गनुपर्ने अवस्थमा रहेका उनीहरू भाइको भैंसी बाध्ने गोठमा बस्छन्।



जीवनमा कहिल्यै वसन्त (सुख) को महसुस गर्न नसकेका खड्गबहादुरले विरक्तिएर पटकपटक आत्महत्या गर्ने सोच बनाए पनि पत्नी खिरकुमारीले नमानेपछि अहिलेसम्म बाँचेको बताए। 'बुढेसकालमा सहाराविहीन भएर बाँच्नुपर्दा निकै ठूलो पीडा हुँदोरहेछ,' थापाले भने, 'यही पीडा सहन नसकेर पटकपटक म्याग्दी खोलामा हेलिएर दुवैजना मरौं भनेर श्रीमतीलाई भनें तर उनले मान्दै मानिनन् र अहिलेसम्म बाँचिएको छ।' देख्दा स्वस्थ शरीर र हँसिलो अनुहारमा देखिने थापाको मनभरि पीडा र दुःखको खहरे गड्गडाइरहेको महसुस गर्न सकिन्छ। लट्ठीको सहाराले गाउँ घुम्ने र इष्टमित्रले दिएका अन्न, तरकारी, दुध, दही ल्याएर खाने गरेका थापाको निधारमा चन्दन कहिल्यै छुट्दैन। सहाराको बन्धन (पत्नी) आफूभन्दा पहिला छुट्लिन् (मृत्यु होला) कि भन्ने चिन्ताले उनी पिरोलिइरहन्छन्।

सम्पत्तिका नाममा थापाको न बास छ, न खाने गास (अन्न)। आफ्नै भाइको गोठमा दिन बिताइरहेका थापा दम्पती एक्लै छन्। विवाह भएर गएकी एउटी छोरी पनि नबोल्ने (अपांगता भएकी) छन्। बिरामी हुँदा र साह्रो गाह्रो पर्दा दाजुभाइका छोराहरू दुर्गाबहादुर र हीराबहादुर हेर्छन्। ३८ वर्ष अघि २०४० सालमा आफ्नो छोरा मीनबहादुरको युवाअवस्थामा मृत्यु भएपछि थापा दम्पतीको जीवनमा कहिल्यै निको नहुने घाउ (पीडा) थपियो। 'त्यतिबेला त जेनतेन सहेर बसें तर बुढ्यौलीले गाँज्दै गएपछि र काम गर्न नसक्ने भएपछि त्यही घाउ (छोरा नहुनुको पीडा) उकुच बनेर चहराइरह्यो, दुखिरह्यो,' थापाले भने।

३८ वर्षअघिको अवस्था सम्झँदै थापाले भने, 'घर पनि थियो, कमाइ, खान अलिअलि सम्पत्ति पनि थियो तर छोराको मृत्यु भएपछि अब किन चाहियो र भनेर बेचिदिएँ। अनि झारेगैरा (तराई) गएँ, त्यहाँ पनि बस्न मन लागेन र फेरि फर्केर आफ्नै गाउँमा आएँ, अहिले बुढाबुढी मृत्युका दिन कुरेर बसेका छौं।' थापा दम्पतीले ज्येष्ठ नागरिक सुरक्षा कार्यक्रमअन्तर्गतको सामाजिक सुरक्षा भत्ताको रकम पाउँछन्। सोही रकमले केही खर्च चल्छ। 'अहिलेसम्म बिरामी परेर उपचारका लागि खर्च गर्न परेको छैन, बिरामी पर्ने हो भने यो रकमले के भ्याउथ्यो र,' थापाले भने। सदरमुकाम बेनी बजारनजिकै रहेको बगरफाँट गाउँमा बस्ने भएकाले थापा दम्पतीलाई समयसमयमा बेनीमा रहेका संघसंस्था र व्यक्ति अनि गाउँलेहरूबाट पनि लत्ता कपडा, खाद्यान्न तथा नगद सहयोग हुने गरेको छ। पत्नी खिरकुमारीले पनि ८० वसन्त पार गरेकी छन्। शारीरिक रूपमा पतिभन्दा अलि सबल भएकी हुँदा खाना बनाउने, कपडा धुने र भाँडाकुँडा सफा गर्ने काम उनैले गर्छिन्। 'सकिनसकी आफैं काम गर्दै आएका छौं,' खिरकुमारीले भनिन्, 'बुढेसकालले छोपेपछि जीवन जिउन निकै सकस भएको छ। हातखुट्टा चल्नै छाडेपछि कसको सहारामा बाँच्ने हो, निकै चिन्ता छ।'




तनहुँको दमौलीमा आयोजित आठौं तनहुँ महोत्सवमा पुगेका प्रधानमन्त्री शेरबहादुर देउवालाई स्वागत गरिँदै। *तस्बिरः रासस*

# निर्वाचनमा आयोगलाई २ लाख कर्मचारी चाहिने

**भुवन शर्मा**

*काठमाडौं, चैत १०*

स्थानीय तह निर्वाचनमा कम्तीमा २ लाख कर्मचारी परिचालन गर्नुपर्ने भएपछि निर्वाचन आयोग व्यवस्थापनमा जुटेको छ। वैशाख ८ गते ७ सय ५३ वटै स्थानीय तहमा निर्वाचन अधिकृतको कार्यालय खोल्ने तयारीमा रहेको आयोगले त्योभन्दा पहिले नै सबै निर्वाचन अधिकृतको कार्यालयमा खटाइने कर्मचारीहरूको जोहो गर्न गृहकार्य गरिरहेको सचिव गोकर्णमणि दुवाडीले जानकारी दिए। देशभर २ हजार ५ सय मतदान केन्द्र र १० हजार ७ सय ५० मतदान स्थल रहने अनुमान गरिएको जानकारी दिँदै सचिव दुवाडीले त्यसमा केही थपघट हुन सक्ने बताए।

संघीय मामिला मन्त्रालयले चुनावमा परिचालन गर्न भनेर यसै साता ५ सय ५० जना उपसचिवको नाम आयोगमा पठाएको छ। पालिका तहमा स्थापना हुने निर्वाचन अधिकृतको कार्यालयमा मुख्य निर्वाचन अधिकृत उपसचिवसरहको कर्मचारी हुने व्यवस्था गरिएको छ। 'सबै स्थानीय तहमा मुख्य निर्वाचन अधिकृत उपसचिवसरहका कर्मचारी हुने व्यवस्था गरेका छौं,' सचिव दवाडीले भने। नायबसुब्बाले निमित्त अधिकृत भई स्थानीय तह चलाएका गाउँपालिकामा पनि उपसचिवसरह कर्मचारी रहने व्यवस्था गरिएको छ।

निर्वाचनका बेला कर्मचारी व्यवस्थापन गर्न स्थानीय तह (जनशक्ति व्यवस्थापन)- २०७८ जारी गरिएको छ। निर्देशिका अनुसार प्रत्येक मुख्य निर्वाचन अधिकृतको कार्यालयमा एकजना लेखा अधिकृत, १ जना कम्प्युटर अप्रेटर, सवारी चालक, कार्यालय सहयोगी, निजी सुरक्षा अधिकारी (पिएसओ) सहित ७ देखि ९ जना कर्मचारी आवश्यक पर्छ। यसैगरी प्रत्येक मतदान केन्द्रमा मतदान अधिकृत, सहायक मतदान अधिकृत, सहायक कर्मचारी, सहयोगी कर्मचारी, मतदाताको नङमा मसी लगाउन, तथ्यांक फारम भर्न, तथा मतदाताको लाइन व्यवस्थापन गर्न स्वयंसेवक खटाउनुपर्ने व्यवस्था गरिएको छ।

निर्देशिकामा सम्बन्धित जिल्लाका विभिन्न कार्यालयमा कार्यरत कर्मचारीहरूलाई आयोगले चुनावमा खटाउन सक्ने व्यवस्था गरिएको छ। 'आयोग वा निर्वाचन अधिकृतको कार्यालयले निर्वाचन प्रयोजनका लागि आवश्यक पर्ने जनशक्ति माग गरेमा नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, नेपाल सरकार प्रदेश सरकारको स्वामित्व वा नियन्त्रणमा रहेका वा नेपाल सरकारको अनुदानमा सञ्चालित संस्था विश्वविद्यालय, सामुदायिक विद्यालयले जनशक्ति उपलब्ध गराउनुपर्ने छ,' निर्देशिकामा उल्लेख छ। यस व्यवस्थाबाट आवश्यक परेमा नेपाल सरकारको स्वामात्विमा रहेका बैंकका कर्मचारीसमेत आयोगले लिन सक्ने सचिव दुवाडीले बताए। आयोगका प्रवक्ता शालिकराम शर्मा पौडेलले स्थानीय तहको निर्वाचन प्रयोजनका लागि देशभर २ लाखजति कर्मचारी आवश्यक पर्ने बताए। त्यसका लागि कर्मचारी जुटाउने काम भइरहेको उनले जनाए।

निर्देशिकामा स्थानीय तह चुनाव प्रयोजनका लागि केन्द्रमा एउटा केन्द्रीय जनशक्ति व्यवस्थापन समिति गठन गर्ने व्यवस्था गरिएको छ। उक्त समितिमा आयोगले तोकेको एकजना आयुक्त अध्यक्ष हुने व्यवस्था छ। कुनै जिल्लामा मौजुदा कर्मचारीहरूबाट जनशक्ति अभाव पूर्ति हुन नसकेका अर्को जिल्लाबाट समेत झिकाउन सक्ने व्यवस्था निर्देशिकमा छ। निर्वाचनका लागि जनशक्ति व्यवस्थापन गर्न प्रत्येक जिल्लामा प्रमुख जिल्ला अधिकारी संयोजक रहेको जिल्ला जनशक्ति व्यवस्थापन समिति गठन गर्ने व्यवस्था पनि गरिएको छ। उक्त समितिमा जिल्लास्थित सुरक्षा निकायका प्रमुखहरू सदस्य हुनेछन्।

आयोगका अनुसार मुख्य निर्वाचन अधिकृतलाई मतदान गराउन, मतगणना गर्न, परिणाम घोषणा गर्न तथा कार्यक्रम समापन गर्नेसम्मको जिम्मेवारी दिइन्छ। मतदान अधिकृतलाई भने मतदान गराउने जिम्मा मात्र दिइएको हुन्छ। निर्वाचन अधिकृत मातहतमा मतदान अधिकृत रहने व्यवस्था गरिएको छ।

संघीय मामिला मन्त्रालयले चैत १५ गतेअघि सबै स्थानीय तहमा निमित्त झिक्न र दरबन्दी अनुसार कर्मचारी पठाउन सम्भव नभएको जनाएको छ। आयोगले अघिल्लो महिना सरकारलाई सबै स्थानीय तहमा निमित्त झिक्न र दरबन्दी अनुसार पदपूर्ति गर्न निर्देशन दिएको थियो। 'आयोगले दिएको निर्देशन अनुसार सबै स्थानीय तहमा निमत्ति झिक्न र दरबन्दी अनुसार कर्मचारी पठाउने काम भइरहेको छ तर पनि चैत १५ अघि सबै स्थानीय तहमा निमित्त झिक्ने अवस्था छैन,' मन्त्रालयका एक उपसचिवले भने। आवश्यक कर्मचारी अभावमा दरबन्दी अनुसार सबै स्थानीय तहमा कर्मचारी पठाउन नसकिएको ती उपसचिवको भनाइ छ।


PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

**शाखा कार्यालय, बागबजार, फोन नं. ०१ ४२५२२२९/६०**

**को**

**शाखा कार्यालय बागबजारको तपसिलमा उल्लेखित ऋणीको धितोमा रहेको सम्पत्तिको लिलाम बिक्री हुने सम्बन्धी १५ (पन्ध्र) दिने अत्यन्त जरूरी सूचना**

**(प्रकाशित मिति २०७८/१२/११ गते)**

तपसिलमा उल्लेखित ऋणीले यस बैंकको शाखा कार्यालय बागबजारबाट लिनु भएको ऋण कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएको, बैंकले तपसिलका ऋणीहरू र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित सूचनाहरु पठाई तरताकेता गर्दा समेत कर्जाको साँवा तथा सोमा लागेको ब्याज, किस्ता र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको र यस अघि सम्पूर्ण कर्जा चुक्ता गर्न यस बैंकबाट ३५ (पैंतीस) दिने सार्वजनिक सूचना मिति २०७८/११/०४ गतेको नागरिक राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरि तरताकेता गर्दा समेत कर्जा नतिरी नबुझाई बेवास्ता गरी बसेको हुनाले कर्जा असुलीका लागि तपसिलमा उल्लेखित धितो जहाँ जे, जो अवस्थामा छ सोही अवस्थामा गोप्य सिलबन्दी बोलकबोल प्रकृयाद्वारा लिलाम बिक्री गरी बैंकको लेना असूल उपर गरि लिने भएकाले धितो लिलाम बिक्री गर्ने सम्बन्धी यो १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । साथै, धितो सुरक्षणमा रहेको सम्पत्तिहरुको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणीहरू र ब्यक्तिगत जमानीकर्ताहरुको घरघरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाईने तथा सम्बन्धीत सबैलाई कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेस गर्न पठाईने ब्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

| ऋणीको विवरण | व्यक्तिगत जमानतकर्ता |
|---|---|
| नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७६/०८/०२ मा दर्ता नं. २२८४६०/०७६/०७७ कायम भई का.म.न.पा. वडा नं. २२, खिचापोखरी, काठमाण्डौं स्थित दर्ता कार्यालय रहेको **मेरलायन इन्टरप्राइजेज प्रा. लि.** **पान नं. ६०९६६२१९७** **संचालक : उविन्द्र राज शाक्य** | **नाम : उविन्द्र राज शाक्य**<br>बाबु : सानु काजी शाक्य<br>बाजे : धर्मराज शाक्य<br>ठेगाना : साविक ललितपुर उ.म.न.पा-१६, ललितपुर<br>ना.प्र.प.नं. : १०२५९५, ललितपुर<br> |

व्यक्तिगत जमानतकर्ताहरू

| | | |
|---|---|---|
| **नाम : वीरेन्द्र राज शाक्य**<br>बाबु : सानु काजी शाक्य<br>बाजे : धर्म राज शाक्य<br>ठेगाना : साविक ललितपुर उ.म.न.पा-१६, ललितपुर<br>ना.प्र.प.नं. : ३/२४८४/०४७/४६, ललितपुर<br> | **नाम : चन्द्र प्रभा शाक्य**<br>बाबु : सानु काजी शाक्य<br>बाजे : धर्म राज शाक्य<br>ठेगाना : साविक ललितपुर उ.म.न.पा-१६, ललितपुर<br>ना.प्र.प.नं. : १०२५९४, ललितपुर<br> | **नाम : मलिका बज्राचार्य**<br>बाबु : राजवीर बज्राचार्य<br>बाजे : धर्म राज शाक्य<br>ठेगाना : साविक ललितपुर उ.म.न.पा-१६, ललितपुर<br>ना.प्र.प.नं. : ७२१४०, ललितपुर<br> |

धितोमा रहेको सम्पतिको बिबरण

१ **मेरलायन इन्टरप्राइजेज प्रा.लि.को** नाममा मालपोत कार्यालय डिल्लीबजार, काठमाण्डौको लगतमा दर्ता श्रेस्ता कायम रहेको काठमाण्डौ जिल्ला का.म.न.पा. वडा नं. ३ स्थित कि.नं. १३६, ७० र ८० को क्रमशः क्षेत्रफल ७९.४७ व.मि., ३४१.७५ व.मि. र ३१८.६० व.मि.को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

२ **उविन्द्र राज शाक्य/चन्द्र प्रभा शाक्य/विरेन्द्र राज शाक्यको संयुक्त नाममा** मालपोत कार्यालय लगनखेल, ललितपुरको लगतमा दर्ता श्रेस्ता कायम रहेको ललितपुर जिल्ला ललितपुर उ.प.म.पा. वडा नं. १६ स्थित कि.नं. ५५३ को जम्मा क्षेत्रफल ८५.४५ व.मि. को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**धितो लिलामी बिक्रीका शर्तहरू :**

१. बोलपत्र आवेदन फारम २०७८/१२/११ गते शुक्रवारदेखि केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, कमलपोखरी र शाखा कार्यालय बागबजारबाट प्राप्त गर्न सकिनेछ ।
२. छुट्टाछुट्टै धितोको लागि छुट्टाछुट्टै आवेदन पनि दिन सकिनेछ ।
३. बोलपत्रदाताले बोलपत्र आवेदनपत्रसाथ धरौटी स्वरूप आफूले खरिद गर्न चाहेको सम्पूर्ण रकमको कम्तीमा १० (दश) प्रतिशतले हुने रकम यस बैंकको धरौटी खातामा नगद दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक, वित्तीय संस्थाको **A/C Payee Cheque** संलग्न गर्नुपर्नेछ ।
४. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म कम्पनी हुनुपर्नेछ । साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा पासपोर्ट साईजको फोटो, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अख्तियारनामा, सञ्चालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर **(PAN)** प्रमाणपत्रको प्रतिलिपि आवेदनसाथ पेश गर्नु पर्नेछ ।
५. शिलबन्दी बोलपत्र मिति २०७८/१२/२५ गते शुक्रवार कार्यालय समय भित्र शाखा कार्यालय बागबजारमा दर्ता भईसक्नु पर्नेछ । म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त राखि दिएका आवेदनहरु उपर कारवाही गरिने छैन ।
६. शिलबन्दी बोलपत्र मिति २०७८/१२/२६ गते शनिवार परेकाले २०७८/१२/२७ गते आइतवार दिउँसो ४:०० बजे शाखा कार्यालय बागबजारमा बोलपत्रदाता वा निजले लिखितरूपमा नियुक्त गरेको प्रतिनिधिहरु तथा अन्य पदाधिकारीहरुको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पर्ने छैन । साथै बोलपत्र खोलिने दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदापछि लगत्तै कार्यालय खुलेको दिनमा बोलपत्र खोलिनेछ ।
७. बोलपत्र प्रस्ताव स्वीकृत भएमा बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिएको मितिले ७ (सात) दिन भित्र यस बैंकमा नगद दाखिला गरी धितोमा रहेको सम्पत्ति आफ्नो नाममा नामसारी दाखिल खारेज गराई लिनु पर्नेछ । सम्पत्ति नामसारी गर्न लाग्ने सम्पूर्ण शुल्क एवं नामसारी दाखिल खारेज गर्न लाग्ने सम्पूर्ण राजश्व तथा अन्य खर्च सकार गरिलिने स्वयंले ब्यहोर्नु पर्नेछ ।
८. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वतः जफत हुनेछ । बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरुलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र शाखा कार्यालय बागबजारबाट भुक्तानी गरिनेछ । साथै सो रकममा कुनै ब्याज प्रदान गरिने छैन ।
९. सम्पत्ति बिक्री गर्ने वा नगर्ने वा बोलपत्रको अंकमा सम्पत्ति बिक्री गर्ने वा नगर्ने वा छुट्टाछुट्टै बिक्री गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।
१०. यस सम्बन्धमा अन्य केही कुरा बुझ्नु पर्ने भएमा शाखा कार्यालय बागबजार तथा केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, कमलपोखरी, काठमाण्डौमा सम्पर्क राखी बुझ्न सकिनेछ ।


# प्रगति कतै सतप्रतिशत, कतै शून्य

**पहिलो पृष्ठबाट**

त्यस्तै बुटवल-पाल्पा खण्डको सिद्धबाबा क्षेत्रमा सुरुङमार्ग निर्माणको जिम्मेवारी पनि चिनियाँ ठेकेदारले पाएको अवस्था छ।'

महानिर्देशक सापकोटा चिनियाँ ठेकेदार कम्पनीको काम समग्रमा सन्तोषजनक भएको बताउँछन्। 'कुनै परियोजना त उनीहरूले तोकिएको समयभित्रै पूरा गरिसकेका छन्। तर कुनै आयोजनामा उनीहरूको पर्फमेन्स त्यति राम्रो देखिँदैन।' बुटवल-नारायणगढ सडक खण्डको ठेक्का सम्झौता भएको ३८ महिना बितिसक्दा पनि भौतिक प्रगति १५ प्रतिशतमात्रै छ। अहिले ठेकेदार कम्पनीले उल्टै दुई वर्ष म्याद थप्न माग गरिरहेको छ। यो खण्डको ठेक्का चिनियाँ ठेकेदार कम्पनी चाइना स्टेट कन्स्ट्रक्सन कर्पोरेसनले पाएको छ।

चक्रपथ दोस्रो खण्ड विस्तारमा अलमल

चीन सरकारको सहयोगमा चक्रपथको कोटेश्वर-कलंकी (१०.३९ किलोमिटर) खण्ड आठ लेनको भइसकेको छ। विस्तारित यो खण्ड चिनियाँ पक्षले २०७५ साल माघमा नेपाल सरकारलाई हस्तान्तरण गरेको थियो। यो खण्ड विस्तारको काम चीनको सांघाई कन्स्ट्रक्सनले तोकिएको समयभन्दा दुई वर्ष ढिलोगरी सम्पन्न गरेको थियो। २०७० सालमा निर्माण सुरु गरिएको यो खण्ड विस्तार २०७३ सालभित्रै सम्पन्न गर्ने लक्ष्य राखिएको थियो। मुआब्जा र साइट क्लियर विवादले यो काम दुई वर्ष ढिलो गरी सम्पन्न भएको हो। चीनले पहिलो चरणमा ३१ करोड २० लाख युआन लगानीमा चक्रपथको यो खण्ड विस्तार गरी आठ लेनको बनाइदिएको हो।

चीन सरकारले सन् १९७७ मा २७.२ किलोमिटरको चक्रपथ निर्माण गरिदिएको थियो। चीन सरकारले दोस्रो चरणमा चक्रपथको कलंकीदेखि गोपीकृष्ण सिनेमा हलसम्मको खण्ड विस्तार गरी आठ लेनको बनाइदिने प्रतिबद्धता जनाएको छ। यो दोस्रो खण्ड विस्तारमा करिब आठ अर्ब रूपैयाँ लाग्ने अनुमान गरिएको छ। चीन सरकारले दोस्रो चरणमा चक्रपथको कलंकीदेखि गोपीकृष्ण सिनेमा हलसम्मको खण्ड विस्तार गरिदिने आश्वासन दिए पनि सम्झौता भने भइसकेको छैन। महानिर्देशक सापकोटाले अब चिनियाँ कम्पनीले डिपिआर अध्ययन गर्ने र छिट्टै सम्झौता हुने दाबी गरे। यो खण्डमा पर्ने संरचना हटाउने विषयमा विवाद हुँदा सम्झौता हुन नसकेको बताइएको छ।

**भेरी-बबई सुरुङ समयमै निर्माण**

जलस्रोत तथा सिँचाइ विभागका उपमहानिर्देशक कृष्णप्रसाद नेपाल सिँचाइ परियोजनामा चीनको लगानी खासै नभएको दाबी गर्छन्। 'सिँचाइ परियोजनामा चिनियाँ लगानी खासै भएको देखिन्न,' उनले भने, 'सिँचाइ परियोजनामा चिनियाँ निर्माण व्यवसायीले भने काम गर्दै आइरहेका छन्। नेपालले भेरी-बबई सिँचाइ आयोजनाको सुरुङ बनाउने काम चिनियाँ निर्माण व्यवसायीले गरेको जनाउँदैं अन्य सुरुङ परियोजनाको तुलनामा प्रगति सन्तोषजनक भएको बताए। भेरी-बबई सिँचाइ आयोजनाको सुरुङ खन्ने जिम्मा चिनियाँ कम्पनी चाइना ओभरसिज इन्जिनियरिङ ग्रुपले पाएको थियो। चाइना ओभरसिजले १० अर्ब ५६ करोड रूपैयाँ लागतमा १२.२ किलोमिटर सुरुङ खन्ने ठेक्का लिएको थियो। आयोजना र कम्पनीबीच २०७१ माघ १५ गते सम्झौता भएको थियो। सम्झौताअनुसार ठेकेदार कम्पनीले २०७६ चैत १५ गते काम सक्नुपर्ने थियो। कम्पनीले तोकिएको समयभन्दा आधा महिना ढिलो अर्थात् २०७७ वैशाख ३ गते सुरुङमार्ग निर्माण सम्पन्न गरेको थियो। पछिल्लो समय सुनकोसी मरिन बहुउद्देश्यीय आयोजना निर्माणको ठेक्का पनि चिनियाँ कम्पनीले पाएको छ।

**पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल**

पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल चीनको ऋण अनुदानमा निर्माणा भइरहेको छ। चीनको एक्जिम बैंकले २१४.७ मिलियन अमेरिकी डलर ऋण दिनेगरी निर्माण सुरु गरिएको हो। यो आयोजनामा चीन सरकारको ७५ प्रतिशत ऋण र २५ प्रतिशत अनुदान हुने सम्झौता छ। ऋणको ब्याजदर भने विश्व बैंक, एसियाली विकास बैंकको तुलनामा केही बढी छ। यो विमानस्थल सन् २०२१ को जुलाइभित्रै सम्पन्न गर्नेगरी चिनियाँ निर्माण कम्पनी सिएएमसी इन्जिनियरिङले २०७१ साल वैशाखमा ठेक्का पाएको थियो। तर, भूकम्प, भारतको नाकाबन्दी र कोरोना महामारीलगायतका कारणले यो आयोजना तोकिएको समयभित्रै निर्माण हुन सकेन। विमानस्थाल बनाउन चिनियाँ कम्पनी सिएएमसी इन्जिनियरिङ र नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) बीच सहमति भएको थियो। विमानस्थल निर्माण अनुमानित लागत २२ अर्ब रूपैयाँ छ। विमानस्थलको भौतिक प्रगति ९३ प्रतिशत भएको छ। योजना मुताबिक काम भए आउँदो वैशाखमा परीक्षण उडान गर्ने कार्यतालिका बनाइएको छ। विमानस्थलको दक्षिणमा पर्ने रिठेपानी डाँडा कटान, ल्यान्डफिल्ड साइट व्यवस्थापन, विमानस्थलमा बर्खाको पानीको व्यवस्थापनलगायतका काम गर्न बाँकी छ। यो आयोजनाको थपिएको म्याद आगामी असारमा सकिन्छ।

**चिनियाँ कम्पनीको 'होल्ड' मा बुढीगण्डकी**

नेपाललाई बिजुलीमा परनिर्भरताबाट आत्मनिर्भरतातर्फ अघि बढाउने 'गेम चेन्जर' परियोजनाका रूपमा लिइएको बुढीगण्डकी जलविद्युत् आयोजना साढे तीन वर्षदेखि चिनियाँ कम्पनीको 'होल्ड' मा छ। चिनियाँ ठेकेदार कम्पनीले होल्ड गर्नेबाहेक आयोजनाको कुनै काम गरेको छैन। अहिले पनि हिउँदेयाममा ३-४ सय मेगावाट बिजुली भारतबाट आयात गरेर स्वदेशी माग धान्नुपर्ने अवस्था छ। राज्यले यस परियोजनाका लागि मुआब्जावापत करिब ३५ अर्बभन्दा बढी रूपैयाँ खर्चिएको छ। राज्यले महत्त्व दिएको यो परियोजना चिनियाँ कम्पनीले होल्ड गर्दा तीन वर्षदेखि अलपत्र छ। चिनियाँ कम्पनी गेजुबा ग्रुप्र कर्पोरेसन (सिजिजिसी ) ले १२ सय मेगावाट क्षमताको जलायशयुक्त बुढीगण्डकी आयोजनाको लाइसेन्स तीन वर्षदेखि 'होल्डु गरेर राखेको हो। तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकारले २०७५ असोज ६ गते बुढीगण्डकी जलविद्युत् आयोजना इन्जिनियरिङ, प्रोक्युरमेन्ट एन्ड कन्स्ट्रक्सन एन्ड फाइनान्स (इपिसिएफ) मोडलमा निर्माण गर्न बिनाप्रतिस्पर्धा सिजिजिसीलाई दिने निर्णय गरेको थियो। तर चिनियाँ कम्पनीले कुनै पनि काम सुरु गरेको छैन। सरकारले पूर्वाधार करवापत यो आयोजनाका लागि ७१ अर्ब रूपैयाँभन्दा बढी रकम उठाइसकेको छ। तीन वर्षसम्म यो आयोजना 'होल्ड' हुनुले उत्साहभन्दा निराशा थपिएको छ।


Government of Nepal

**Gandaki Rural Municipality**

**Office of Rural Municipal Executive**

Bhulmichok, Gorkha

Gandaki Province, Nepal

**Invitation for Bids**

Date of publication: 2022-03-25 (2078-12-11)

1. Gandaki Rural Municipality has allocated funds towards the cost of Civil works and intends to apply the funds to cover eligible payments under the Contract and is open to all eligible Nepalese Bidders.

| Identification No. | Description of work | Procure-ment Type | Estimated Amount (Without VAT) | Cost of Bidding Document | Bid security Amount | Validity for bid documents /bid security | Last Date and Time of Bid Submission | Bid Opening Date and Time |
|---|---|---|---|---|---|---|---|---|
| GRM/WORKS/ NCB/04/2078/79 | Construction of Balaki Samudayik Swasthya Ekai Bhawan | NCB-WORKS | 43,79,078.32/- | 3000/- | 1,25,000/- | 90 days/ 120 days after bid opening | 2022-04-24 (2079-01-11) 12.00 | 2022-04-24 (2079-01-11) 14.00 |

2. Gandaki Rural Municipality, Office of Municipal Executive invites Electronic Bids from eligible bidders for the following projects under National Competitive Bidding procedures.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Gandaki Rural Municipality, Office of Municipal Executive, Bhumlichok Gorkha, Gandaki Province, Nepal 98560-03367 or may visit PPMO website www.bolpatra.gov.np/egp or www.gandakimun.gov.np.

**Chief Administrative Officer**


## आशंका ...

पारवहन सम्झौतालगायत चीनसँग भएका महत्वपूर्ण सम्झौता अघि बढाउनेतर्फ पनि गम्भीर हुनुपर्ने महतको भनाइ छ। महत चीनप्रति नेपाली कांग्रेसको सधैं समान र स्थिर नीति रहेको बताउँछन्। 'चीन हाम्रो छिमेकी मुलुक हो। उनीहरूको सुरक्षा र अखण्डताका विषयमा हामी गम्भिर छौं र त्यसलाई सम्बोधन गर्न हामी सधैं तयार नै छौं। हामी कुनै पनि मुलुकतर्फ ढल्कने भन्दा पनि सबै मुलुकसँग समान र सन्तुलित सम्बन्ध राख्न चाहन्छौं। चीनसँगको सम्बन्ध सन्तुलिन र समान हुनुपर्छ,' महतले भने। नेपाली कांग्रेसको नेतृत्वमा सरकार हुँदा कहिले पनि चीनविरोधी गतिविधि हुन नदिएको र आगामी दिनमा पनि हुन नदिने उनको भनाइ छ। विदेशमन्त्रीको भ्रमणका बेला नेपालले कनेक्टिभिटीलगायतका विषयलाई प्राथमिकतामा राख्ने उनले बताए। बिआरआईअन्तर्गत पूर्वाधार विकासमा अनुदान सहयोग नेपालको प्राथमिकतामा रहेको बताउँदै उनले ऋण सहयोग लिँदा पनि सहुलियत ब्याजदरको ऋण लिनुपर्नेमा जोड दिए।

प्रमुख प्रतिपक्ष नेकपा एमालेका नेता तथा विदेश विभाग प्रमुख राजन भट्टराई चीन नेपालको नजिकको छिमेकी भएकाले सम्बन्ध राम्रो हुनुपर्ने बताउँछन्। यसपटक चिनियाँ विदेशमन्त्रीको भ्रमण नेपालको भावना बुझ्ने, विश्वास जित्ने र सम्बन्धलाई राम्रो बनाउने आकांक्षाले हुन लागेको उनको विश्वास छ। विगतमा भएका निर्णयलाई कार्यान्वयनमा लैजाने अपेक्षा पनि उनको भ्रमणमा हुनसक्ने भट्टराई बताउँछन्। पछिल्लो समय सरकारका क्रियाकलापले चीनसँगको सम्बन्धमा आशंका पैदा गराउने काम गरिरहेको बताउँदै उनले अमेरिका, बेलायत, भारतलगायतका मुलुकमा राजदूत नियुक्त भइसक्दा चीनमा लामो समयसम्म पनि राजदूत नियुक्त हुन नसक्नुले सरकार विगतमा भन्दा फरक ढंगले अघि बढ्न खोजेको हो कि भन्ने आशंका उत्पन्न गराएको उनले बताए। नेपालले चीनलाई चिढाएर नेपालको हित हुन्छ भन्नु गलत भएकाले त्यसो गर्न नहुने उनको भनाइ छ। भट्टराई नेपालले परिस्थिति बुझेर अघि बढ्नुपर्ने बताउँछन्।